# मायादेवी गाउँपालिका, रुपन्देहीको
# आ.ब. २०८२/८३ को बजेट
## आय-व्ययको सार्बजनिकिकरण तथा बजेट बक्तब्य

मायादेवी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

१० आषाढ २०८२

**सम्मानीत सभाका अध्यक्षज्यू, सदस्यज्यूहरू**

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात भएको दोस्रो स्थानीय तहको निर्वाचनमा स्थानीय तहको सार्वभौम जनताले अनुमोदन गरी पठाएको जनप्रतिनिधिको हैसियतले उपाध्यक्षको सहमतीमा यस गरिमामय सभामा आ.व २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु । यस महत्वपूर्ण अवसरमा लोकतन्त्र, गणतन्त्र र संघीयताको स्थापना गर्नका लागि आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात सम्पूर्ण शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनमा घाईते, अपाङ्ग तथा वेपत्ता नागरिक प्रति सम्मान प्रकट गर्न चाहन्छु ।

सभा अध्यक्ष एवम उपस्थित सभका सदस्यज्यूहरु,

**"मायादेवीको पहिचान: सन्तुलित विकास, गुणस्तरिय सेवा र सुशासन"** भन्ने नारालाई सार्थक बनाउन आ.व २०८२/०८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, संघीय, प्रादेशिक र स्थानीय कानूनहरु, हामीले जनतासँग गरेका प्रतिबद्धताहरु, दीगो विकासका लक्ष्यहरु, विभिन्न क्षेत्रका व्यक्ति तथा संघ-सस्थाहरुसँग भएका छलफलहरुलाई यथोचित रुपमा समावेश गरेको छु । साथै गाउँपालिका भित्रका टोल तथा वस्तिस्तरबाट उठेका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाउन केन्द्रित भएको छु ।

विकासका लागि प्रचुर सम्भावना भएको यस मायादेवी गाउँपालिकामा विकासका संवाहकको प्रमुख स्रोत उर्वर भूमि र उर्जाशिल नागरिक नै हुन । यहाँ चुनौतीहरू पनि धेरै छन् । चुनौतीलाई अवसरमा बदल्दै अगाडि बढेर मात्र लक्ष्यमा पुग्न सकिने हुँदा चुनौतिहरुलाई सामना गर्नु नै हामी सबै जनप्रतिनिधिहरूको कर्तब्य हो ।

## मायादेवी गाउँपालिकाका चुनौती तथा समस्याहरू :

- तिनाउ र दानव नदीको कटान तथा डुवान ।
- मर्यादित पेशा व्यवसाय तथा बेरोजगारी समस्या ।
- फोहरमैलाको समुचित व्यवस्थापन गर्नु नसक्नु।
- गुणस्तरीय पूर्वाधार विकास गर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, सीमित स्रोत साधनबाट जनताका अपेक्षा तथा अवश्यकता पुरा गर्नु नसक्नु।
- आन्तरिक आयको दायरा विस्तार विकास गर्न नसक्नु।
- संघीय तथा लुम्विनी प्रदेश सरकारबाट प्राप्त सिलिङ्ग अनुसार राजश्व बाँडफाड बापतको रकम प्राप्त नहुनु ।
- सिमित श्रोत साधनबाट असीमित माग सम्बोधन हुन नसक्नु ।
- पुर्वाधार विकास र योजनाहरुमा तादम्यता हुन नसक्नु
- जनप्रतिनिधि कर्मचारी र समग्र जनता विकास प्रति सजग हुन नसक्नु ।

## सभाध्यक्षज्यू एवं सभा सदस्यज्यूहरु,

## मायादेवी गाउँपालिकाका सम्भावना तथा अवसरहरू:

- रुपन्देहीको सदरमुकाम भैरहवा र गौतम बुद्धको जन्म स्थल लुम्बिनीको बिचमा रहेको र अन्तरराष्ट्रिय विमानस्थल र सडक संजालले जोडिएकोले पर्यटन तथा पूर्वाधार विकासको हव बन्न सक्ने ।
- स्मार्ट सिटीको रुपमा विकास गर्न सकिने ।

- तिनाउ र दानव नदीको तटबन्धन गरी करिडोरको रूपमा विकास गरी आकर्षक बनाउने र यी नदीहरूबाट सिंचाइ सुविधा लिई कृषिलाई व्यवसायीकरण र बजारीकरण गरी आय आर्जन बढाउन सकिने अवस्था छ । साथै नदीजन्य पदार्थको उपयोगबाट आन्तरिक आय बढाउन सकिने राम्रो सम्भावना छ ।
- शिक्षा र स्वास्थ्य क्षेत्रको विकास गरी चेतना बृद्धि तथा रोजगारीका अवसर बढाउन सकिने अवसर छ।
- टोल विकास संस्थाको सहभागिता र सक्रियतामा फोहर मैलाको समुचित व्यवस्थापन गरी पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउन सकिने अवस्था छ ।
- प्रभावकारी अनुगमन तथा जनताको सार्थक सहभागिताबाट दीगो ,भरपर्दो र गुणस्तरीय विकास गर्न सकिने प्रचुर संभावना छ ।
- जनप्रतिनिधिहरूको सक्रियता र जनताको सार्थक सहभागितामा सार्वजनिक सम्पत्ति संरक्षण गरी सदुपयोग गर्न सकिने अवस्था रहेको छ ।
- करको दायरा फराकिलो बनाई आन्तरिक आम्दानीको स्रोत वृद्धि गर्न सकिने सम्भावना छ ।
- धार्मिक, संस्कृतिक, एतिहासिक स्थलहरूको विकास गरी पर्यटकहरू आकर्षण गरी आन्तरिक र वाह्य पर्यटन प्रर्वद्धन गर्ने संभावना रहेको छ ।

मायादेवी गाउँपालिकाको आ.व २०८२/०८३ को बजेटमा दीर्घकालिन सोच सहित निम्न उद्देश्यहरू रहेका छन् ।

दीर्घकालिन सोच : **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार, सुशासन, समृद्धि मायादेवी"** गाउँपालिकाको मूल आधारलाई सार्थक बनाउनु ।

## उद्देश्यहरू :

- व्यवसायिक कृषि पेशा अबलम्वन गर्दै नागरिकलाई आत्मनिर्भर तर्फ उन्मुख बनाउनु ।
- गुणस्तरीय शिक्षामा जोड दिने, स्वास्थ्य सेवालाइ प्रभावकारी बनाउदै लैजानु ।
- भौतिक पूर्वाधार विकासमा प्राथमिकता दिदै गुणस्तरीय विकास निर्माणमा जोड दिनु ।
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत सामाजिक न्याय सहितको समतामुलक समाज निर्माण गर्नु ।
- आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्ने तर्फ जोड दिनु ।
- विपद् ब्यवस्थापनलाई प्रभावकारी बनाउने साथै वातावरण संरक्षण र स्वच्छ खानेपानी, सरसफाइ सम्बन्धी कार्यक्रम कार्यान्वयनमा जोड दिनु ।
- संस्थागत विकास र सुशासन प्रवर्द्धन गर्नु ।
- समावेशी र सन्तुलित विकास प्रवर्द्धन गर्नु ।
- राजश्वका दायराहरू फराकिलो बनाउदै आन्तरिक आयका नयाँ क्षेत्र पहिचान गर्नु।
- सिमित साधन र स्रोतबाट उच्चतम उपलब्धी हाँसिल गर्नु।
- सार्वजनिक सेवाप्रवाहमा नागरिकहरूको पहुँच विस्तार गर्नु ।
- गाउँपालिकाबाट भएका निर्णय र नीतिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु।
- नागरिकहरूको आयस्तरमा वृद्धि गर्न विभिन्न किसिमका सीपमूलक र आयआर्जन तालिम कार्यक्रम संचालन गर्नु।
- सार्वजनिक खर्चलाई पारदर्शि र मितव्ययी बनाउनु ।

**बजेटका उद्देश्यहरु हासिल गर्न देहाय अनुसार क्षेत्रगत तथा कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु :**

- आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- राजश्व परिचालनमा योगदान पुर्याउने,
- सेवाप्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने,

**सम्मानित सभाका सभाध्यक्ष ज्यू एवं सदस्य महानुभावहरु :**

अब म चालु आ.व. २०८१/०८२ को यथार्थ अवस्थाको बारेमा प्रस्तुत गर्न चाहान्छु

आ.व. २०८१/०८२ को विद्यमान अवस्थालाई निम्नानुसार उल्लेख गर्न चाहन्छु।

- यस आ.व. मा कृषि तथा पशुपंक्षी कार्यक्रम तर्फ किसानहरूलाई बेमौसमी तरकारी, घाँस, च्याउ, लगायतको विउ वितरण गरिएको छ साथै गाउँपालिका भित्र पशु खोप, भैसी र बाख्रा प्रबर्द्धन, औषधी वितरण, प्राविधिक सेवा प्रदान गर्ने कार्य सम्पन्न भैसकेको अवस्था छ।
- तिनाउ तथा दानव नदीका विभिन्न घाटहरूको (IEE) सम्पन्न गरी नदीजन्य पदार्थ विक्रीको लागी ठेक्का गरी आन्तरिक आम्दानी बृद्धि गरिएको छ।

- आवश्यक ऐन ,नियम र कार्यविधि तयार गरी लागु गरिएको छ ।
- घरनक्सा पास गर्ने व्यवस्था लागु गरिएको छ। जसले गर्दा अब बन्ने घरहरू भूकम्कीय दृष्टिले सुरक्षित हुने विश्वास गरिएको छ।
- मायादेवी गाउँपालिकाको १५ सैयाको भवन निर्माण कार्यको सम्पन्न हुने क्रममा छ।
- गाउँपालिका र वडा कार्यालयलाई प्रविधि मैत्री बनाउन आवश्यक पर्ने आई.टी. सम्बन्धी सामाग्री उपलब्ध गराइएको छ।
- SMART PALIKA को अवधारणालाई मुर्तरुप दिन प्रदेश सरकारको सहकार्यमा SMART MAYADEVI कार्यक्रमको थालनी गरिएको छ।जसले पालिकाको विद्युतिय सुशासनमा सहयोग पुर्याउने लक्ष्य लिईएको छ।
- कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक छपाई गरि हस्तान्तरणको चरणमा रहेको छ।
- शिक्षकहरुको दरबन्दी मिलान तथा जिम्मेवारी हेरफेर कार्यले सार्थकता पाएको छ।
- व्यक्तिगत घटना दर्ता अनलाईन प्रणालीका माध्यमबाट गर्ने गरिएको छ। डिजिटाइजेशन गर्ने कार्य सम्पन्न भएको छ।
- वृहत निशुल्क स्वास्थ्य शिविर सन्चालन गरि २००० भन्दा बढीले सेवा लिएका छन।
- चैते धान खेतिको सुरुवात भएको छ।
- पशु विकासका लागि खोप, पशु उपकरण लगायतका पशु स्वास्थ्य प्रवर्धन र विकास कार्य सम्पन्न भएको छ।
- आ.व. २०८१/०८२ मा ठेक्का पट्टाबाट सम्पन्न हुने योजनाहरु ठेक्का सम्झौता भई कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् । साथै २०८०/०८१ मा सम्पन्न हुन नसकेका क्रमागत योजनाहरु धेरैजसो सम्पन्न भएका छन भने केही सम्पन्नको चरणमा रहेका छन।

- जनप्रतिनिधिहरूले आफ्नो जिम्मेवारी वहन गर्ने क्षमता बढेको छ । कर्मचारीहरुमा पेशगत व्यवसायिकता बढेको छ।
- यस गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को हालसम्मको समग्रमा बजेट खर्च हेर्दा पुँजिगत तर्फ ५३ प्रतिशत तथा चालु तर्फ ६६ प्रतिशत गरि औषतमा कुल ६१ प्रतिशत बजेट खर्च भएको छ ।
- कतिपय योजना तथा कार्यक्रमहरु चालु अवस्थामा रहेका र कतिपय भुक्तानीको चरणमा रहेका छन।

**सभाध्यक्ष महोदय, अव म आ.ब. ०८२/८३ को राजस्व तथा श्रोत परिचालन सम्वन्धमा प्रस्ताव गरिएका व्यवस्थाहरुको विषयमा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।**

**१.** नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमको स्थानीय तहलाई प्राप्त एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको वित्तीय अधिकार क्षेत्र भित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आय संकलनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

**२.** नदीजन्य पदार्थ चोरी, निकासी तथा अवैध उत्खनन रोकथाम, कर चुहावट नियन्त्रण गर्दै आन्तरिक आय बृद्धि गरि आत्म निर्भर उन्मुख हुदैं जाने तथा राजस्व परामर्श समितिले दिएका कर सुधारका सुझावहरुलाई तथा सम्मानित सभाले पारित गरिसकेको नीति तथा कार्यक्रमले अवलम्वन गरेका राजश्व सम्वन्धी व्यवस्था हरुको कार्यान्वयन गर्दै लैजाने ब्यवस्था मिलाएको छु।

**३.** कर संकलनका लागि गाउँपालिकाका विभिन्न ठाउँहरुमा घुम्ती शिविरहरु सञ्चालन गर्ने, समयमै कर तिर्ने कराताहरुलाई छुट दिने, असल कर दातालाई सम्मान गर्ने ब्यवस्था

मिलाएको छ। साथै यसै आ.ब. मा नगर प्रहरीको ब्यवस्थापन गरि कर अशुली लगायत अन्य कार्यलाई ब्यवस्थित गर्दै लानेछु।

४. अपाङ्गता भएका व्यक्तिहरुलाई म्मान गर्दै तोकिएको विषयमा सिफारिस दस्तुर तथा बार्षिक ब्यवसाय करमा छुट दिने व्यवस्था मिलाएको छ।

**सभाध्यक्ष महोदय,**

आर्थिक, सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान गरिवी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै स्वस्थ्य, समृद्ध, आधुनिक तथा सुन्दर गाउँपालिका निर्माण गर्ने दीर्घकालिन सोच पुरा गराउन आ.व २०८२/०८३ को गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**आ.व ०८२/८३ को लागि आम्दानीका स्रोतहरुको संक्षिप्त विवरण निम्ननुसार रहेको छ ।**

| **आ.व. २०८२/८३ को अनुमानित आय** | |
|---|---|
| नेपाल सरकारबाट बित्तिय सामान्यीकरण | १३ करोड २४ लाख |
| नेपाल सरकारबाट राजश्व बाँडफाँड | ११ करोड २४ लाख |
| शसर्त अनुदान (सङ्घिय सरकार) | २४ करोड १७ लाख |
| नेपाल सरकार समपुरक | ६० लाख |
| प्रदेश सरकारबाट प्राप्त (वित्तीय समानीकरण) | ९२ लाख ७२ हजार |
| प्रदेश सरकारबाट प्राप्त शसर्त कार्यक्रम | ९० लाख |
| प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड | १ करोड १ लाख |

| | |
|---|---|
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ७५ लाख |
| प्रदेश सरकारबाट बिशेष अनुदान | १७ लाख |
| आन्तरिक आय/राजस्व | ८ करोड ९७ लाख |
| ***६१ करोड ९८ लाख ५१ हजार ८ सय ४७*** | |

**सभाध्यक्ष महोदय,**

अव म मायादेवी गाउँपालिका, रुपन्देहीको आ.व २०८२/८३ को लागि विषय क्षेत्रगत विनियोजन तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्न चाहन्छु।

यस गाउँपालिका अन्तरगतका वडाहरुबाट रु. १ करोड १० लाख बजेट सिमाभित्र रहि योजना तथा कार्यक्रम निर्धारण गर्ने ब्यवस्था मिलाएको छु।अध्यक्ष विकास कार्यक्रम अन्तर्गत ६० लाख, उपाध्यक्ष विकास कार्यक्रम अन्तर्गत ५० लाख र कार्यपालिका सदस्य विकास कार्यक्रम अन्तर्गत १२ लाख बजेट विनियोजन गरिएको छ ।

क्षेत्रगत विनियोजन तर्फ

| **क्र.सं.** | **बिषयगत क्षेत्र** | **रकम** | **प्रतिशत** |
|---|---|---|---|
| १ | आर्थिक विकास | ३ करोड २४ लाख १८ हजार २ सय ५१ | ५ दशमलव २३ प्रतिशत |
| २ | सामाजिक विकास | १५ करोड ६८ लाख ८४ हजार ५ सय २ | २५ दशमलव ३१ प्रतिशत |
| ३ | पूर्वाधार विकास | २४ करोड ९८ लाख ६२ हजार २ सय ७९ | ४० दशमलव ३१ प्रतिशत |

| | | | |
|---|---|---|---|
| ४ | वातावरण तथा विपद व्यवस्थापन विकास | २ करोड ७३ लाख ३५ हजार ५ सय ६९ | ४ दशमलव ४१ प्रतिशत |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | १५ करोड ३३ लाख ५१ हजार २ सय ४६ | २४ दशमलव ७४ प्रतिशत |
| | *६१ करोड ९८ लाख ५१ हजार ८ सय ४७* | | १०० प्रतिशत |

## सभामुख महोदय

अव म आ ब २०८२/०८३ को लागि बजेट सिद्दान्त र प्राथामिकताका आधारमा विनियोजन गरेका मुख्य क्रियाकलापहरुका विषयमा सभामा जानकारी गराउन चाहान्छु।

**१.** मायादेवी गाउँपालिका अन्तर्गतका सामुदायिक बिद्यालयहरुका लागि शिक्षक व्यवस्थापन सहयोग अनुदान तर्फ रु. १ करोड र बालबिकास सहजकर्ता, बिद्यालय सहायक, बिद्यालय सहयोगी र CLC परिचालिकाका लागी संघिय सशर्त अनुदानमा थप ५००० का दरले १३ महिनाको रकम अनुदान एवं गुणस्तर सुधार को लागि करिब ६५ लाख बजेट बिनियोजन गरेको छु।

**२.** शैक्षिक पुर्वाधार तथा गुणस्तर सुधारका लागि संघीय र प्रदेश सरकारको हातेमालोमा आवश्यक बजेट विनियोजन गरिएको छ।

**३.** बिद्यार्थी प्रतिभा प्रस्फुटनका क्रियाकलापहरु (हाजिरी जवाफ, निबन्ध लेखन, चित्रकला आदि) तथा खेलकुद प्रतियोगिताहरु संचालनको तथा गरिब जेहेन्दार विद्यार्थी प्रोत्साहनका कार्यक्रमको लागि आवश्यक रकम बिनियोजन गरेको छु।

४. स्वास्थ्य संस्थाहरुमा अत्यावश्क निःशुल्क औषधी वितरणका लागि औषधी तथा सर्जिकल सामाग्री खरिदको लगि रु ३० लाख बिनियोजन गरेको छु।

५. परिवार योजना तथा प्रजनन् रुग्णता सेटेलाईट तथा भि.आई.ए. क्याम्प सञ्चालनका आवश्यक बजेटको व्यवस्था गरेको छु।

६. नागरिक आरोग्य केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरि आयुर्वेद पद्धती र योग अभ्यासको माध्यमबाट शारिरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि  ८ वटै वडाहरुमा घुम्ती आयुर्वेद सेवा कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट व्यवस्था गरेको छु।

७. महिलाहरुको सशक्तिकरण, क्षमता विकास, आयमुलक सीप सिकाइ स्वरोजगार बनाउनको लागि १० लाख विनियोजन गरेको छु।

८. अपाङ्गता भएका व्यक्तिहरुको सम्मान, सहयोग, सहायता सामाग्री वितरण, आयमुलक तालिम लगायतका कार्यका लागि वडास्तर र गाउँपालिकास्तर गरि रु ८ लाख ५० हजार विनियोजन गरेको छु।

९. भौतिक पुर्वाधार विकास तर्फ संघीय अनुदान,  प्रदेश अनुदान तथा आन्तरिक स्रोत गरि जम्मा रु १० करोड ३७ लाख ४ हजार २ सय १२ रुपैया वजेट विनियोजन गरेको छु।

१०. प्रत्येक वडामा वडा गौरवको योजना अन्तरगत रु. २५ लाख देखी ५० लाख सम्मका ठोस योजना सञ्चालनको लागि  २ करोड तथा पालिका गौरबका योजनाको लागि रु ३ करोड ५० लाख रकम बिनियोजन गरेको छु।

११. पालिकाको गौरवको योजनाको रुपमा रहेका सडक सौन्दर्यिकरण तर्फ १ करोड, मोतिपुर बस्यौंली सडक निर्माण क्रमागतका लागि ६० लाख, सिचाई योजना वडा नं

५ को क्रमागत योजनाको लागि करिब ५० लाख, बगंरी बाध निर्माणको लागि ५० लाख क्रमागत योजनाको रुपमा राखि बजेट बिनियोजन गरेको छु ।

**१२.** शहरोन्मुख क्षेत्र तथा पानी निकासको समस्या भएका वस्तिहरुमा नाली तथा ढल निकासको व्यवस्था गर्दै जाने नीति अनुरुप आवश्यकक वजेट व्यवस्था गरेको छु ।

**१३.** विकासका पूर्वाधारमा सडक पहिलो शर्त हुनाले गुणस्तरीय सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । आवस्यकता अनुसार स्तरिय ग्रावेल तथा कृषि सडक निर्माणका लागि वजेट व्यवस्था गरेको छु । गुणस्तर कायम होस भन्ने हेतुले १ लाख भन्दा माथीका सम्पुर्ण निर्माण कार्यमा गुणस्तर परिक्षण अनिवार्य गरेको छु ।

**१४.** गाउँपालिका क्षेत्रभित्रका मुख्य तथा सहायक सडक सञ्जाल निर्माणका लागि सडक गूरुयोजना RTMP तयार भईसकेको अवस्थामा व्यवस्थित र योजनाबद्ध तरीकाले स्तरीय सडक निमार्ण गर्न आवशयक वजेट व्यवस्था गरेको छु ।

**१५.** आकस्मिक मर्मत सम्भार कोषको व्यवस्था गरी मौसमी तथा अन्य गतिविधीबाट क्षयीकरण हुने पूर्वाधार तथा ग्रामीण सडकहरुको तत्काल मर्मत सम्भारको व्यवस्था गरिनेछ । संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने योजनाको लागि समपुरक कोषमा आवश्यक बजेट विनियोजन गरेको छु ।

**१६.** विद्युत वितरण प्रणालीमा आवद्ध नभएका वस्तिहरुमा विद्युत विस्तार लगायत जिर्ण पोलहरुको व्यवस्थापनका लागि बिद्युत कार्यलयको सँगको साझेदारीमा बिद्युतिकरणको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

**१७.** दानव र तीनाउ नदीको कटान तथा डुबान नियन्त्रणको लागि तटबन्धन गर्ने कार्यको लागि करिब ३० लाख वजेट व्यवस्थापन गरेको छु।

१८. विभिन्न प्राकृतिक तथा अन्य प्रकोपजन्य परिस्थितिमा तत्काल राहत, खोज, उद्धार र पुन: स्थापना कार्य संचालनका लागि विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरेको छु।

१९. गाउँपालिका परिसरलाई हरियालीयुक्त तथा वातावरणमैत्रि वनाउन गाउँपालिका अगाडिको खालि क्षेत्रमा पार्क निर्माण गर्नका आवश्यक बजेट ब्यवस्थापान गरेको छु ।

२०. मायादेवी गाउँपलिकालाई स्मार्ट सहरको रुपमा विकास गर्न गाउँब्लकको जग्गा नापजाच तथा पुर्जा वितरण कार्य तथा पुन: नापि गरि हालसाविक गर्ने कार्यको लागि करिब ३० लाख बजेट विनियोजन गरिएको छ ।

२१. प्रदेश सरकारसँगको सहकार्य र सह-लगानीमा नवप्रवर्तनमा आधारित साझेदारी कोषको स्थापना गरी उक्त कोष मार्फत "SMART Mayadevi – स्मार्ट सेवा, समृद्ध मायादेवी (मायादेवी गाउँपालिकामा ई-गभर्नेन्स प्रवर्द्धन कार्यक्रम)" अन्तर्गतका कार्यक्रम सञ्चालन गर्नको पालिको साझेदारीमा रु.१ करोड ६२ लाख बिनियोजन गरेको छु ।

२२. गाउँपालिका,वडा कार्यालयहरु, विषयगत शाखाहरु, स्वास्थ्य संस्थाहरुमा कार्यरत सबै कर्मचारीहरुलाई आचरण र अनुशासन पूर्णरुपमा पालना गर्दै मुस्कान सहितको सेवा प्रवाह गर्न अभिप्रेरित गरिनेछ । निर्वाचित जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु।

२३. सबै कर्मचारीहरुको कार्य विवरण, काम, कर्तब्य र अधिकार तथा कार्य सम्पादन सम्झौता, कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।

२४. वडा कार्यालय नबनेका वडा कार्यालय निर्माण, जग्गा प्राप्ति तथा बिभिन्न ठुला योजना तथा कार्यक्रमका लागि आवश्यक पर्ने डि.पि.आर निर्माण कार्यको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

२५. नियमित र प्रभावकारी बजार अनुगमनको योजनाको गुणस्तर, बजार अनुगमन, र उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरु व्यवस्थित गरिनेछ । जसका लागि २ लाख वजेटको व्यवस्था गरेको छु।

२६. यस मायादेवी गाउँपालिकाको सेवा प्रवाहको कार्यचापलाई मध्यनजर गर्दै अतिरिक्त समयमा समेत कामकाज गर्ने राष्ट्रसेवक कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गरी आवश्यक अतिरिक्त सेवा बापतको सुविधा तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने ब्यवस्था मिलाएको छु ।

२७. गाउँपालिकाको समग्र हित र विकास व्यवस्थापनका लागि समय समयमा विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याउनु भएका ज्येष्ठ नागरिक, सामाजिक, राजनीतिक व्यक्तित्व, समाजसेवी उद्योगी, शिक्षाप्रेमी लगायत महत्वपूर्ण व्यक्तित्वहरुलाई सम्मान गरिने छ । जसका लागि आवस्यक वजेट विनियोजन गरेको छु ।

२८. गाउँपालिकामा हालसम्म तर्जुमा भएका स्थानीय कानूनहरुको पालना गर्नु गराउनुका साथै औचीत्यका आधारमा संशोधन तथा परिमार्जन गरिनेछ । संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार कार्यान्वयन गर्न आवश्यक पर्ने थप कानूनहरु ६ महिनाभित्र निर्माण गरिने छ । कानूनहरूको कार्यान्वयन गरीगराई विधिको शासन अवलम्वन गरी सुशासन युक्त स्थानीय तहका रुपमा मायादेवी गाउँपालिकालाई स्थापित गर्न आवस्यक वजेट व्यवस्था गरेको छु।

२९. जनताको सर्वोपरी हितलाई ध्यानमा राखी कानूनले अधिकार प्रदान गरेका न्यायिक कार्यलाई निष्पक्ष, व्यवस्थित विश्वासयोग्य, पारदर्शी बनाउदै लगिने छ ।

मेलमिलापको माध्यमबाट समाजमा सामाजिक सहिष्णुता बढाउने विषयलाई जोड दिइनेछ ।

**३०.** सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्नका लागि आवस्यक वजेटको व्यवस्था गरेको छु।

**३१.** मेलमिलाप कर्तालाई विवाद मेलमिलाप गराए वापत प्रोत्साहन भत्ताको ब्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**३२.** यसरी समग्रमा आ.व ०८२/८३ को कूल वजेटको आकार जम्मा रु. ६१ करोड ९८ लाख ५१ हजार रहने गरी सन्तुलित वजेटको विनियोजन विधेयक प्रस्तुत गरेको छु । जसमध्ये चालुतर्फ रु ४० करोड ६७ लाख ५१ हजार (६५.६२ प्रतिशत) र पुँजीगत तर्फ रु २१ करोड ३१ लाख (३४.३८ प्रतिशत) प्रस्ताव गरिएको कुरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**३३.** बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न तथा राजश्व प्राप्तिको लागि आवश्यक पर्ने विनियोजन विधेयक, २०८२ र आर्थिक विधेयक, २०८२ सम्मानित सभाबाट स्वीकृतिको लागि प्रस्तुत गरेको छु ।

**३४.** गाउँपालिकाले आर्थिक वर्ष २०८२/२०८३ मा सम्पत्ति कर र भुमी मालपोत कर, व्यावसायीक कर, बहाल विटौरी कर, सिफारिस दस्तुर, नक्सा पास शुल्क, विज्ञापन कर, कवाडी कर लगायतका क्षेत्रमा कर तथा सेवा शुल्क उठाउने गरी आर्थिक विधेयक तयार गरेको छु ।

**३५.** वार्षिक वजेट तथा कार्यक्रम सम्बन्धी विस्तृत विवरण तथा राजश्वका दरहरु संलग्न अनुसूचिहरुमा प्रस्तुत गरेको छ।

अन्त्यमा, बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू प्रभावकारीरुपमा कार्यान्वयन गरी समृद्ध, सुन्दर र समुन्नत मायादेवी बनाउन सभाका सम्पूर्ण सदस्यहरू लाग्नु हुने छ भन्ने कुरामा विश्वास लिएको छु। यसमा राष्ट्र सेवक कर्मचारीहरू सदा झै खटिनु हुनेछ भन्ने अपेक्षासहित आम मायादेवी गाउँपालिका वासी नागरिकहरु, राजनीतिक दल, बुद्धिजीवि समाज सेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु। बार्षिक बजेट तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सभाका सम्पूर्ण सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजस्व परामर्श समितका पदाधिकारीहरू, बुद्धिजीवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

२०८२/०३/१०

धन्यवाद, जय मायादेवी

शैलेन्द्र कुमार पाण्डेय

प्रबक्ता

मायादेवी गाउँपालिका, रुपन्देही ।